REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 17.11.2024

NIT Convocation

राज्यपाल श्री ओमप्रकाश माथुर राष्ट्रिय प्रौद्योगिकी संस्थान, सिक्किमको सातौं दीक्षान्त समारोहमा सहभागी बन्नुभयो। राभाङ्लास्थित तथागतसल (बुद्धा पार्क) परिसरमा आज आयोजित समारोहमा एयर चीफ मार्शल तथा असम विश्वविद्यालयका कुलाधिपति श्री अरूप राहाको विशेष उपस्थिति थियो।

कार्यक्रमका मुख्य अतिथि राज्यपालले PHD शोधकर्ता र स्नातक तहको शिक्षा पूरा गर्ने विद्यार्थीहरूलाई उपाधि र स्वर्ण पदक प्रदान गर्नुभयो। श्री माथुरले डिग्रि प्राप्त गर्ने विद्यार्थीहरूलाई उत्कृष्ट सफलताका निम्ति बधाई दिँदै उज्वल भविष्यको कामना गर्नुभयो।

आफ्नो सम्बोधनमा राज्यपाल श्री माथुरले आजको यो दिन हाम्रा युवाशक्तिको जीवनमा एउटा महत्त्वपूर्ण माइल खुट्टी हो भन्दै यो उनीहरूको कठिन परिश्रम, समर्पण र उत्कृष्टताको प्रतिक हो भनी बताउनुभयो। उहाँले भन्नुभयो, सिक्किम भारतको साँस्कृतिक र प्राकृतिक विविधताको जीउँदो उदाहरण हो, जसले सारा देशको साँस्कृतिक विशेषतालाई आफ्नो आँचलमा समेटेको छ अनि NIT, सिक्किमले यसलाई दह्रिलो बनाएको छ। राज्यपालले प्रतिकूल परिस्थितिमा पनि NIT, सिक्किमले युवाहरूलाई आकार दिनमा सराहनीय प्रयास गरिरहेको कुरामाथि प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

BL House Inauguration

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई आज राजधानी गान्तोकस्थित मनन केन्द्रमा आयोजित एउटा कार्यक्रममा राज्यको भोटिया-लेप्चा समुदायले अभिनन्दन जनायो। यसअघि यहाँको सोनाम ग्याछो मार्गमा पुनर्निर्माण गरिएको बीएल हाउसको मुख्यमन्त्रीले उदघाटन गर्नुभयो।

मुख्यमन्त्रीले एसकेएम पार्टी र वर्तमान सरकारको नीति सिक्किमे समुदायलाई नङ र मासु जस्तो मिलाएर लैजानु रहेको बताउनुभयो। उहाँले टीम सिक्किमको नारा दिँदै भन्नुभयो, कुनै पनि जातिलाई टुक्रा टुक्रा पारेर सरकारमा पुग्नु होइन, तर सिक्किमे जाति टुक्रिनु हुँदैन, एक हुनुपर्छ भन्ने पार्टीको नीति हो। श्री तामाङले बहुसंख्यक र अल्पसंख्यकले एकाअर्कालाई माया गर्नुपर्छ भन्दै आवश्यक परेको खण्डमा दुवै पक्षले एका अर्काको निम्ति बोल्नु पर्छ भनी आह्वान पनि गर्नुभयो।

मुख्यमन्त्रीका सल्लाहकार श्री कुङ्गा निमा लेप्चाले बीएल हाउसको पुनर्निर्माण कार्यको निम्ति मुख्यमन्त्रीप्रति आभार व्यक्त गर्दै वर्तमान सरकारले राज्यमा सबै जात-जातिलाई समान हक र अधिकार प्रदान गर्दै विभिन्न जातीय भवनहरू निर्माण गरेको उल्लेख गर्नुभयो।

--------------------------------------X--------------------------------------

## Literary Festival Conclusion

लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले नेतृत्व कौशललाई आकार दिनमा रहेको साहित्यको भूमिकामाथि जोड़ दिनुभयो अनि राज्य स्थापनाको पचास वर्षको यात्रामा सिक्किमले गरेको प्रगतिको कुरा गर्दै आत्मनिर्भरताको महत्त्वमाथि प्रकाश पार्नुभयो।
साहित्यिक र कलात्मक उत्कृष्टामाथि समर्पित दुई दिवसीय पाकिम साहित्यिक उत्सव २०२४-को समापन समारोहलाई सम्बोधन गर्दै डाक्टर सुब्बाले क्षेत्रीय साहित्यलाई दह्रिलो बनाउन स्थानीय लेखकहरूका रचनाहरू विद्यालयका पुस्तकालयहरूमा हुने कुराको सुनिश्चित गर्दै उनीहरूलाई प्राथमिकता दिनुपर्ने कुराको वकालत गर्नुभयो।
पाकिम जिल्ला प्रशासनिक केन्द्रद्वारा दुई दिवसीय कार्यक्रमको आयोजना आरिटारस्थित लामपोखरीमा गरिएको थियो।
आजको कार्यक्रममा युवा पीढ़ीमा पढ़ने र लेख्ने बानी कसरी विकसित गर्न सकिन्छ भन्ने विषयमा रहेको प्यानल चर्चाका प्रतिभागीहरूले आ-आफ्ना विचार साझा गरे। यस अवसरमा विभिन्न प्रतियोगिताका विजयीहरूलाई पुरस्कार प्रदान गरियो।

--------------------------------------X--------------------------------------

## Union Minister in Sikkim

केन्द्रिय कृषि एवं कृषक कल्याण राज्य मन्त्री श्री रामनाथ ठाकुर तीन दिनको भ्रमणका निम्ति आज सिक्किम आइपुग्नुभयो। अहिले साँझमा गान्तोक आइपुग्नुभएका केन्द्रिय मन्त्रीलाई वरिष्ठ गृह नियन्त्रक सुश्री दिब्या रानी राय, राज्यपालका अतिरिक्त जिल्लाधीश श्री सन्तोष बानिया र राजभवनका अधिकारीहरूले स्वागत जनाउनुभयो। उहाको मंगनमा आयोजन हुने पूर्वोत्तर सम्पर्क सेतु समारोहमा सहभागी बन्ने कार्यक्रम रहेको छ।

यसअघि दिउँसो सिक्किम प्रवेश गर्ने क्रममा उहाँलाई रम्फूस्थित पर्यटन सुविधा केन्द्रमा गृह विभाग र पर्यटन विभागका अधिकारीहरूले स्वागत जनाए।

---------------------------------------X---------------------------------------

## Fish Festival

राज्यमा मत्स्य पालन, बजार व्यवस्थापन र माछाको सेवनलाई प्रोत्सहान गर्न विश्व मत्स्य दिवसको अवसर पारेर सिक्किम सरकारको मत्स्यपालन विभागले राजधानी गान्तोकमा सप्ताहव्यापी माछा उत्सव 2024-को आयोजना गरेको छ। आज स्थानीय एउटा होटलमा सामान्य कार्यक्रमबीच उत्सवको विधिवत उदघाटन गरियो। कार्यक्रममा विभागीय मन्त्री श्री पुरण कुमार गुरुङ मुख्य अतिथि हुनुहुन्थ्यो।
मन्त्री श्री गुरुङले सिक्किम सरकारले राज्यमा मत्स्यपालनलाई विशेष प्राथमिकता दिएर मत्यपालकहरूलाई विभिन्न सहयोग गरिरहेको बताउँदै युवाहरूसित यसलाई व्यवसायको रुपमा लिएर स्वनिर्भर बन्ने आह्वान गर्नुभयो।
यसअघि विभागकी सचिव श्रीमती रोशनी राईले यसपल्ट गान्तोकका जम्मा नौंवटा रेस्टुरेन्टसितको सहकार्यमा यो उत्सव आयोजना गरिएको जानकारी गराउनुभयो, जसले यस एक सप्ताहभरि विशेषगरी ट्राउट माछाका विभिन्न परिकार उपभोक्ताहरूको निम्ति उपलब्ध गराउनेछन्।

---------------------------------------X---------------------------------------

## Sports

गान्तोक Himalayan Sporting Club यहाँको पाल्जोर स्टेडियममा चलिरहेको राज्यपाल स्वर्णकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गर्ने दोस्रो दल बनेको छ। चालीसौं

अखिल भारत राज्यपाल स्वर्णकप अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता २०२४-अन्तर्गत आज भएको दोस्रो क्वार्टर फाइनल खेलमा विजयी दलको भिड़न्त KDN Football Club, Malaysia-सित भएको थियो। गान्तोक Himalayan SC वर्ष २०१९-मा सम्पन्न यसै प्रतियोगिताको उपविजयी दल पनि हो।

भोली दिउँसो दुई बजी हुने क्वार्टर फाइनलको तेस्रो खेलमा North East United Football Club र Royal Football Club, Dubai-बीच भिड़न्त हुनेछ।

--------------------------------------X--------------------------------------